"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"
# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

मितिः २०८०/०८/२२

## प्रेस विज्ञप्ति

आज मिति २०८०/०८/२२ गते विहान व्यास नगरपालिका कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्षहरु र कार्यपालिका सदस्यहरुको उपस्थितिमा तल लेखिए बमोजिम मुख्य मुख्य निर्णयहरु गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ ।

क) मिति २०८०/०८/०७ गते भएको नगर कार्यपालिकाका निर्णयहरुको समिक्षा गरी कार्यान्वयनमा जोड दिने निर्णय गरियो।

ख) व्यास नगरपालिकाको ४० औं नगरसभा मिति २०८०/०९/२५ गते बुधबार विहान ११ वजे नगर सभा कक्षमा बस्ने गरी नगर सभा सदस्यहरुलाई सूचित गर्न सदस्य सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

ग) व्यास नगरपालिकाका सबै वडाहरु र शाखाहरुबाट विगत आ.ब २०७४/७५ देखि २०७९/८० सम्म सम्पादित कार्यहरुको पारित कार्यविधि अनुसार मिति २०८०/०९/०२ गते भित्र विवरण संकलन गरि २०८०/०९/०३ गते भित्र नगरपालिकामा पेश गर्न सबै वडा समिति र शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

घ) व्यास नगरपालिका भित्र आर्थिक ऐन, २०८० अनुसार लाग्ने व्यवसाय दर्ता, व्यवसाय कर, सरसफाई शुल्क, सम्पति कर, भूमी कर संकलन गर्न पहिलो चरणमा १ महिने (२०८०/०८/२२ देखी २०८०/०९/२२ सम्म) सम्बन्धित वडा समितिको समन्वयमा आवश्यक जनशक्ती खटाई अभियान सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ङ) नेपाल सरकारले आयोजना गर्ने लगानी सम्मेलनमा मादी नदी उपत्यका विकास परियोजना समावेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

च) व्यास नगरपालिकाको आ.ब २०८०/८१ को कुल आय/व्याय रु. १,६८,९१,२७,०००।०० भएकोमा प्रथम चौमसिकमा रु.४९,७२,५६,३१२।७५ आम्दानी भई(२९.४४%) जम्मा चालु तर्फ रु.९३,८५,९०,०००।०० विनियोजन भई जम्मा रु.२६,६८,०५,७७८।५९ खर्च(२८.४३%) भएको, पूजिंगत तर्फ रु.७५,०५,३७,०००।– विनियोजन भएकोमा रु.७,०५,०५,४६३।०० खर्च(९.३९%) भई कुल खर्च रु.३३,७३,११,२४१।५९(१९.९६%) भएको आर्थिक प्रशासन शाखा प्रमुखबाट जानकारी गराइएकाले सार्वजनिक गर्ने निर्णय गरियो ।

छ) व्यास नगरपालिका क्षेत्रभित्र नक्शापास प्रकृयामा आई भवन निर्माण कार्य भएका कुनै पनि व्यक्ति, सरकारी साथै सार्वजनिक जग्गा सम्पति नमिचेको, सन्धी सर्पन नमिचेको बाटोको सडक अधिकार क्षेत्र नमिचेको बाटोका निकास भएका भवनहरुको नगरपालिकाको नियम भित्र रहि मिति २०८० माघ मसान्त भित्र नक्सा नियमित गर्न वा घर कायम गर्नका लागि सूचना प्रकाशन गर्न, त्यस्ता घरहरुको विवरण लिन घर नक्सा शाखालाई निर्देशन दिने र प्रकृयामा नआएका घरहरुलाई प्रचलित कानून बमोजिम कार्यवाहि प्रकृया अघि बढाउन समेत निर्देशन दिने निर्णय गरियो ।

ज) व्यास नगरपालिका भित्रका विभिन्न योजनामा निर्माणको जिम्मा लिने केहि निर्माण व्यवसायीहरुले ठेक्काको काम सम्पन्न नगरी पटक पटक पत्राचार गर्दा समेत सम्पर्कमा नआएकाहरुलाई अन्तिम पटक १५ दिन भित्र सम्पर्कमा आई


Phone No. 065-563162/563163, Fax No.: 977-65-563233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np

"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"
# व्यास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

झ) कार्य प्रारम्भ गर्न पत्राचार गर्ने र प्रकृयामा नआउने निर्माण व्यवसायीहरुलाई प्रचलित कानुन बमोजिम कार्यवाही अघि बढाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो।

ञ) व्यास नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरुलाई सार्वजनिक यातायात भाडामा कानुन बमोजिम छुट नपाएको भन्ने गुनासो आएकाले त्यस्ता छुट दिन सम्बन्धित सवारी धनि, चालकहरुलाई अनुरोध गर्ने र त्यस्तो छुट नदिएमा नगरपालिकामा सूचित गर्न सम्बन्धित ज्येष्ठ नागरिकहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

ट) मानुङको पर्यटन विकास सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुसंग मिति २०८०/०८/२९ गते शुक्रबार ११ वजे नगर सभा कक्षमा गुरुयोजना सहित परामर्श वैठक राख्ने निर्णय गरियो।

ठ) व्यास नगरपालिका आ.ब २०७९/८० को सम्पादित कार्यहरु, दीर्घकालिन योजना र आवधिक योजनाको समिक्षा गर्ने र आगामी कार्ययोजनाका सम्बन्धमा परामर्श लिने गरी सल्लाहकार समिति सहित विज्ञहरुको वैठक मिति २०८०/०९/०४ गते नगर सभाकक्षमा बस्ने निर्णय गरियो।

जीवन गुरुङ
प्रवक्ता एवं वडाध्यक्ष-०६